| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 1500 | 44726 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ फागुन १८ गते (2 March 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

## प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड
PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.
वीरगंज महानगरपालिका वडा नं. ३२, पर्सा

## सेयरबापतको रकम भुक्तानी गर्न शेयरधनीहरूको नाममा जारी गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : फाल्गुण ११, २०७९**

यस **प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड** कम्पनीको मितिः फाल्गुण १०, २०७९ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम सबै संस्थापक शेयरधनीहरूले लिन कबुल गरेको सेयरपूँजीको १००% (शतप्रतिशत) पुर्‍याउन बाँकी रहेको सम्पूर्ण सेयरवापतको रकम कम्पनीको एनएमबि. बैंक लिमिटेड, वीरगंज शाखाको चल्ती खाता नं. ०१९००७१५४६६०००११ मा ३० दिनभित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम अनुरोध गरिन्छ ।

**संचालक समिति**
**प्रभु स्टील्स एण्ड हाईड्रो इक्युपमेन्ट इण्डस्ट्रिज् लिमिटेड**
**साविक: गौतम स्टील इन्डस्टिज प्रा.लि.**

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : GECAT COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०७९/११/१० LT. No. 281531 चलानी नं. ६०१९७०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 10 | 0 | 1800 | ६३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## ओमन/मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी :AL-NAB'A SUPPLIES & CATERING SERVICES LLC
पूर्व स्वीकृति मिति २०७८/०९/२६ LT. No. : 255954 चलानी नं.: ६०१७२४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook-General | 20 | 0 | 150 | ५१,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dish Washer | 50 | 0 | 120 | ४१,२९० | | | | | | | |
| 3 | Waiter | 0 | 5 | 140 | ४८,१७५ | | | | | | | |

कम्पनी :EMDAAD PROJECTS AND SERVICES LLC
पूर्व स्वीकृति मिति २०७९/०७/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. : 275581 चलानी नं.: ६०१९१२९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Liquid Fuel Primed | 14 | 0 | 120 | ४१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : ARENA NATION CLEANING & MAINTENANCE SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No.265221 चलानी नं. ६०१८११७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 1500 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :KUNG FU PARADISE SDN. BHD. (960101-T)
पूर्व स्वीकृति मिति २०७९/०९/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. : 278304 चलानी नं.: ६०१९३९८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 100 | 0 | 1500 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Kasturi International Service Pvt. Ltd.
Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : INTERNATIONAL CONSTRUCTION & MANUFACTURING SERVICES
पूर्व स्वीकृति मिति २०७९/११/१० LT. No. : 281548 चलानी नं. ६०१९७०२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 45 | 0 | 1000 | ३५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

## BRUNEI/साउदीमा रोजगारको अवसर
कम्पनी : SERI BELALONG SDN BHD
पुर्व स्वीकृति मिति २०७९/०५/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT No.270120 चलानी नं. ६०१८६१९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 8 | 0 | 700 | ६४,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drink & Juice Maker | 5 | 0 | 550 | ५०,५६० | | | | | | | |
| 3 | Kitchen Helper | 8 | 0 | 500 | ४५,९६५ | | | | | | | |
| 4 | Manager | 2 | 0 | 900 | ८२,७३५ | | | | | | | |
| 5 | Waiter | 20 | 18 | 570 | ५२,४०० | | | | | | | |

कम्पनी : DRIP COFFEE CAFE FOR SERVING MEALS
पुर्व स्वीकृति मिति २०७९/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT No.263118 चलानी नं.६०१७९३१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ३५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 6 | 0 | 1200 | ३९,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५
INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : LEONG HENG ENGEERING SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. 269059 चलानी नं.६०१८४९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 6 | 0 | 1500 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : CITY STAR CENTRAL MARKETS
पूर्व स्वीकृति मिति: २०७९/१०/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. 280792 चलानी नं. ६०१९६३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reporter | 25 | 30 | 150 | ६४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५
JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : DOMAIN UPHOLSTERY INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. 265051 चलानी नं.60181619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | 1500 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WA FURNITURE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/३१ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/१० LT. No. 269352 चलानी नं. ६०१८४५२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४४,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १८ गते (2nd. March 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## Invitation for Electronic Bids

### *Budhanilkantha Municipality Office*

**Date of publication: 2079/11/11**

1. ***Budhanilkantha Municipality Office*** invites electronic bids from Nepalese eligible bidders for the ***goods mentioned below*** under National Competitive Bidding procedures

| S.N. | Contract Number | Description of Work | Package Type | Package Name | Bid Security Amount (NRs.) | Bid Document Fee(Nrs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BNP/GW/079_80/06 | Supply, delivery and commissioning of Dermatology, laboratory, endoscopy and ophthalmic related medical equipment for Bhaktibedanta Hospital and Research Institute | A | Dermatology and related equipment | 1,15,000.00 | 3,000.00 | 2079/12/12 @ 12 :00 hrs 2079/12/12 @ 13:00 hrs |
| | | | B | Laboratory related equipment | 1,05,000.00 | | |
| | | | C | Portable ENT Endoscope | 15,000.00 | | |
| | | | D | Ophthalmic equipment | 13,000.00 | | |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### राष्ट्रपति चयन निष्पक्ष बनाऊ

मुलुकमा यतिबेला नयाँ राष्ट्रपतिको खोजी भइरहेको छ । राष्ट्रपति चयनका लागि फागुन १३ मा उम्मेदवारी दर्ता र २५ गते निर्वाचनको मिति तय भइसकेको छ। उक्त निर्वाचनका लागि निर्वाचन आयोगले बुधबार मतदाताहरूको नामावली प्रकाशन गरेको छ । यहीबीच दलहरू भने राष्ट्रपतिमा आफ्नो दाबेदारी बलियो बनाउन सक्रिय भएका छन् । विशेषगरी संघीय संसद्को सबैभन्दा ठूलो तथा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र सत्ता गठबन्धनको नेतृत्व नेकपा एमालेबीच तीव्र प्रतिस्पर्धा देखिन्छ । उक्त दौडमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि मिसिएको छ । एमालेकै सहयोगमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल र उनको दल नेकपा माओवादी केन्द्रले भने राष्ट्रिय सहमतिमा राष्ट्रपति चयन गर्नुपर्ने अडान कसेको छ ।

राष्ट्रपति निर्वाचन आउन लाग्दा विदेशी शक्ति राष्ट्रहरूको दौडधुप बढेको छ । एकपछि अर्को शक्ति राष्ट्रले आफ्ना दूतलाई नेपालमा धमाधम पठाइरहेको छ । सोमबार मात्रै चिनियाँ सहायकमन्त्री सिन वाओन नेतृत्वको प्रतिनिधिमण्डल नेपाल आयो । यसअघि ३ फागुनमा मात्रै भारतीय विदेशसचिव विनयमोहन क्वात्रा राष्ट्रपतिसहित अन्य भारतीय चासोका विषयमा केन्द्रित रहेर राजनीतिक नेतृत्वसँग छलफल गरेर गए । उनीभन्दा ठीक अघि राजनीतिक मामिलासम्बन्धी अमेरिकी उपमन्त्री भिक्टोरिया नुल्यान्डले प्रधानमन्त्रीसहित विभिन्न दलका नेताहरूसँग छलफल गरेकी थिइन् । उनले पनि भावी राष्ट्रपतिबारे चासो लिएकी थिइन् ।

देशको राष्ट्रप्रमुखको हैसियतमा हो– राष्ट्रपति । कार्यकारी भूमिकामा छैन । तर, पनि विदेशी शक्ति राष्ट्रले आफ्ना दूतहरूलाई खटाएर स्वार्थअनुकूलका व्यक्तिलाई राष्ट्रपति बनाउन नेपाली नेताहरूलाई दबाब दिँदै आएका छन् ।

राष्ट्रपतिमा मात्र होइन, प्रधानमन्त्रीमा पनि शक्ति राष्ट्रहरूको विशेष चासो रहने गरेको छ । यतिसम्म कि नेपालमा राष्ट्रपतिका लागि उपयुक्त पात्र भन्दै एक जना भारतीय बुद्धिजीवी एसडी मुनीले त सोमबार नामै किटान गरेर सिफारिस गरिदिए । भारत, चीन, अमेरिकासँगै युरोपियन युनियनलगायतको प्रत्यक्ष चासो राष्ट्रपति निर्वाचनमा देखिएको छ । यसरी एउटा सार्वभौम राष्ट्रको राष्ट्रप्रमुख चयनमा अनावश्यक चासो दिनु ठीक होइन । यसका पूर्णजिम्मेवार दलहरू नै हुन् । दलहरूकै कमजोरीले विदेशी शक्तिको चासो र चलखेल बढेको प्रस्ट छ । यस्तो कार्य तत्काल रोकिनुपर्छ । आफ्नो स्वार्थअनुकूलका व्यक्तिलाई राष्ट्रपति बनाउने कसरतमा प्रमुख दलका नेताहरू लागिपरेका छन् । तर, कसलाई उम्मेदवार बनाउने भन्ने कुनै पनि दलले निर्णय गरिसकेका छैनन् । राष्ट्रपति निर्वाचनसँगै वर्तमान सत्ता गठबन्धन भत्किन सम्भावना पनि बढेको छ । यसले फेरि मुलुकको राजनीतिलाई अस्थिरतातर्फ धकेलिने आशंका बढाएको छ ।

राष्ट्रपति पद आलंकारिक भए पनि राष्ट्रप्रमुखको हैसियत र गरिमा महत्त्वपूर्ण छ । यसलाई जोगाउन पनि राष्ट्रपति निष्पक्ष र विवादरहित व्यक्तिलाई चयन गनुपर्छ । जुनसुकै दलबाट चुनिए पनि राष्ट्रहितको पक्षमा निर्णय गर्नसक्ने व्यक्ति हुनुपर्छ । दबाब र प्रभावमा नपरी निष्पक्षरूपमा राष्ट्रपति चयन गरौं ।

## मननयोग्य

### चाणक्य नीति


'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमश:

# मिडिया : दृश्य र अदृश्य कुराहरू



▶▶ नरेन्द्रजंग पिटर

> शक्तिले जनमानस तयार गर्न हित अनुकूलको औजारमा मिडियालाई लिन्छ । कर्पोरेट मिडियाको ठूलो हिस्सा प्रभावमा पनि पर्छन् । तर, सबैलाई प्रलोभन, नियन्त्रण र निर्देशन गर्न भने सक्दैन । शक्ति र बजारबीच वर्चस्व भिडन्त भएर अन्तरविरोध देखापरिरहन्छन् । अझ प्रविधिको विकासले सूचना पोखिने, विचार निर्माण गर्ने, निर्भिक बुद्धिजीवीहरूलाई सामाजिक सञ्जाल, अनलाइन पोर्टल, ब्लगले सेन्सरहीन माध्यम पैदा भयो । राजनीतिक सीमारहित वैश्विक समाजमा भिसारहित सहजता उपलब्ध भयो । भाषा अवरोधक बनेनन् । अनुवाद र सर्च टुल्सलेज्ञान र सूचनामाथिको वर्चस्व तोड्यो ।

*यस लेखका लागि बर्दिया पाताभार-न्यौलापुरकी किशोरी सुस्मा सोनाहाप्रति आभारी हुनुपर्छ । मैले भेट्दा उनी ११ कक्षामा पढ्थिन् । पढेर के बन्ने इच्छा छ ? भनेर सोध्दा उनले भनिन्-पत्रकार ।*

*- किन ?*

*- हामी सोनाहाको कथाव्यथा र अवस्था लेखिदिने कोही भएन । छुवाछूतले गाँजेको समाजमा हामीलाई सुनार बुझियो । आत्मसम्मान पाउन हाम्रा धेरै आफन्त खिस्तान पनि बने । हामी बनेका छैनौं । सोनाहा बालुवा चालेर सुन निकाल्ने नदी र वनलाई आफ्नो संरक्षक मान्ने जनजाति हो भन्ने चिनाउन पनि पत्रकार बन्न खोजेकी ।*

*अभिजातहरूको कब्जामा रहेको मिडियाले भुइँमान्छेका कथाव्यथा समाचार बनाउँदैन । सोनाहाहरूले मूलधारका मिडियामा ठाउँ पाउँदैनन् । सन्ध्याहरू विज्ञापन दिन सक्दैनन्, विज्ञापित सामान किन्न सक्दैनन् । भुइँमान्छेलाई न मिडियाले वास्ता गर्छ, न उनीहरूले खबरीलाल मिडियालाई । आखिर शक्तिशाली मिडियाका समाचारमा राज कसले गर्छ ? अहिलेको युगमा समाचार र विचारभित्रको खेल के र कस्तो हुन्छ ? किशोरी सुस्माले यही नांगा कुरा थाहा पाइन् भने पत्रकार बन्ने चाहना अझै राख्थिन् ! वा राख्दैनथिन् ! यस लेखमा भने नेपाली राजनीति र मिडियाबारे उदाहरण नदिई मिडियाका कुरा र अन्यत्रका प्रतिनिधि घटनाबाट विषयमा केन्द्रित गरिएको छ ।*

राम्रो काम पनि औचित्य प्रमाणित गर्न जनमत तयार गर्नुपर्छ । मिडिया त्यसको धारिलो हतियार हो । स्वामित्वको लालपुर्जा अरूसँग भए पनि हतियारको मालिक भने चलाउने हुन्छ । भावना र आवेगले मिडियामार्फत मात्र सत्यको खोजी गर्न सकिँदैन । हितअनुसार सत्य बन्छन्, बनाइन्छन्, सिर्जित हुन्छन् । जनमानस तयार मिडियाबाट गराइन्छ । मिडियाशास्त्री मार्शल म्याकलुहन भन्छन्, 'मान्छेको फैलावट हरदम भइरहन्छन् । मिडियाले मान्छेलाई नित्य नयाँ बनाइरहेको हुन्छ ।' भूमिकामा उत्रिरहेको हुन्छ । विश्वास टुट्दै नयाँ विश्वास पैदा भइरहेको हुन्छ । प्रविधि र पहुँचसँगै मिडियाका रूप, चरित्र र भूमिका पनि फेरिँदै जान्छन् । मिडियाले सिर्जना मात्रै हैन ध्वस्त पनि गराइरहेको हुन्छ ।

मानिस जिज्ञासु प्राणी भएकाले नित्य नयाँ बन्न र जीवन संघर्षका लागि हितअनुसारको सूचनाबाट अद्यावधिक हुन चाहिरहन्छ । तर, मिडिया बजारमा भइरहने सूचना, कुसूचना, भ्रमित सूचना र प्रायोजित सूचनाबीचका भिडन्त नबुझ्दा भने ऊ रणभुल्लमा पर्न पनि सक्छ । यसका लागि मिडिया साक्षरता र आलोचनात्मक चेत आवश्यक पर्छ । विज्ञापन शक्तिले सूचना र विचारमा रजाइँ गरिरहेका हुन्छन् । मिडिया त माध्यम मात्र हो ।

#### मनोयुद्धको रणमैदान

पूर्वाग्रह मानव स्वभाव हो, आफ्नै खाले सौन्दर्य र कथ्य रच्न चाहन्छ । तर, तथ्य आधारित तर्कले त्यसलाई अनुमति दिँदैन । तब इतिहास र मिडिया व्यवस्थापन गर्न थालिन्छ । हतियारभन्दा विध्वंशक मिडियामार्फत मनोयुद्ध शक्तिले चलाउने गर्छ । तब कर्पोरेट मिडिया वैशाखी बन्न पुग्छन् । इराक आक्रमणमा परमाणु हतियारको आधार तयार गर्ने न्युयोर्क टायम्सकी जुडिथ मिलरलाई उदाहरणका रूपमा लिन सकिन्छ । समग्र पश्चिममा मिडियाले आत्मानिरीक्षण गर्दा पनि मिलरले आत्मालोचना गरिनन् । पश्चिमा मिडियाको स्रोतव्यक्ति बनेका प्रवासी इराकी अहमद चलावी कालान्तरमा सद्दाम सत्तापछि इराकी शासक बने । महाभ्रष्टाचारी भएर गलहत्याइए ।

पिटर बाओफू भन्छन्, 'पुँजी र प्रविधिको घालमेलको नयाँ कथ्य तयार भइरहेका हुन्छन् । अतिवास्तविकता, लाक्षणिकता र उत्तर आधुनिकता वास्तविकताको अनुकरणबाट वास्तविकतालाई अलग गर्नका लागि चेतनाको अक्षमता हुन्छ ।' यस्तै अर्का विद्वान डिएम बोजे भन्छन्, 'विशेष गरेर प्रविधिले उन्नत उत्तरआधुनिक समाजमा अति वास्तविकतालाई एउटा यस्तो अवस्थामा देखिन्छ कि जसमा वास्तविकता के हो र काल्पनिकता के हो ? एकैसाथ घोलमेल गरेर हेरिन्छ ताकि एउटा समाप्त होस् । यो भर्चुअल वास्तविकतासँगै भौतिक वास्तविकता, कृत्रिम बुद्धिमत्ता र मानव बुद्धिलाई घोलमेलको अनुमति दिन्छ ।'

हरेक व्यवसायका आफ्ना सिद्धान्त त हुने नै भए । तर, राजनीतिमा सिद्धान्तहीन नै सिद्धान्त बनेजस्तै मिडिया व्यवसाय पनि सनसनीपूर्ण र लोकप्रिय आवरणमा सक्रिय भएर मथिंगल खजमज्याउने खेलमा हुन्छ । विज्ञापनको दबाबमा रहेको त देखाउँदैन तर लोक नजरबाट लुकाउन भने सक्दैन । अझ सम्पादकीय कक्षमा व्यवस्थापकीय हस्तक्षेप कति भयो ? देखिने र हुने सम्पादक को ? शक्तिबीच स्वार्थका टकराहट र रक्षा कसरी हुन्छ भन्ने प्रश्न मिडियाचेतसँगै उभिन्छन् ।

राजनीतिक परिवर्तनका लागि सशस्त्र संघर्षको आवश्यकता भएर 'पावर कम्स व्यारल अफ गन' (सत्ता बन्दुकको नालबाट जन्मन्छ) भनिन्थ्यो तर मनोयुद्ध छेडिएपछि छद्मयुद्धले रक्तहीन भिडन्त गरिरहेको हुन्छ । शक्तिबीच भयंकर द्वन्द्व चलिरहँदा युद्धभूमिमा न योद्धा देखन्छिन्, न बारुदको गन्ध देखिन्छ, न बमगोलाको आवाजै सुनिन्छ, न गन्हाएका लासका थुप्रा नै । हो, त्यो मिडयामार्फत भर्चुअल यथार्थ तयार गरिने युद्धलाई मनोयुद्ध भनिएको हो । व्यक्तित्व निर्माण र ध्वस्त, इतिहासका उपलब्धिमाथि आक्रमण गर्न नयाँ न्यारेटिभको सिर्जना, अंशमा टेकेर समग्रमा आक्रमण गर्न, गम्भीर विषयलाई विषयान्तर गर्ने आवेग, भ्रम, मिथ्या सूचनाको घालमेल गर्दै कृत्रिम तर्कको सिर्जना गरिन्छन् ।

हरेक वस्तुका मूल्य तिर्नुपर्छ । अझ विचार, आन्दोलन, साधना र सपनाका मूल्य त ज्यादा हुँदोरहेछ । गरिब देशको एउटा प्राज्ञिक अभियन्ता त पेटका कारण सस्तैमा डोरिने नियतिमा सधैं रहन्छ । त्यसैले ऊ इतिहासको साक्षी बन्दै पनि भ्रष्ट तर्कको आविष्कारक बनेर वर्गसिफ्ट गरेर मनोयुद्धको भाडाको तर्क सिपाही बन्न पुग्छ ।

#### शक्तिले सधैं सबैलाई नियन्त्रण गर्न सक्दैन

शक्तिले जनमानस तयार गर्न हित अनुकूलको औजारमा मिडियालाई लिन्छ । कर्पोरेट मिडियाको ठूलो हिस्सा प्रभावमा पनि पर्छन् । तर, सबैलाई प्रलोभन, नियन्त्रण र निर्देशन गर्न भने सक्दैन । शक्ति र बजारबीच वर्चस्व भिडन्त भएर अन्तरविरोध देखापरिरहन्छन् । अझ प्रविधिको विकासले सूचना पोखिने, विचार निर्माण गर्ने, निर्भिक बुद्धिजीवीहरूलाई सामाजिक सञ्जाल, अनलाइन पोर्टल, ब्लगले सेन्सरहीन माध्यम पैदा भयो । राजनीतिक सीमारहित वैश्विक समाजमा भिसारहित सहजता उपलब्ध भयो । भाषा अवरोधक बनेनन् । अनुवाद र सर्च टुल्सले ज्ञान र सूचनामाथिको वर्चस्व तोडयो ।

सन् १९७२ जुन १७ को मध्यरातमा अमेरिकामा डेमोक्रेटिक नेसनल कमिटी (डिएनसी)को मुख्यालयमा पक्राउ परेका पाँच सामान्य चोर थिएनन् । तिनीहरू रिपब्लिकन पार्टीले रिचर्ड निक्सनलाई प्रतिस्पर्धी डियनसीको चुनावी योजनाका कागजात हात पार्ने खेल थियो । त्यसलाई वासिङ्न पोस्टका बब वुडवार्ड र कार्ल बनस्टिनको खोजी पत्रकारिताले उदांगो पारेर शक्तिशाली राष्ट्रपति निक्सनलाई राजीनामा गर्न बाध्य बनायो । सम्पादक वेन ब्राड्लीले चुनौती मोले ।

संसारको राजनीति र कर्पोरेट घरानामा तहल्का मच्चाउने पानामा पेपर प्रकाशन गर्ने विश्वका ७६ देशका झण्डै १०७ मिडिया संस्था सम्बद्ध पत्रकारहरूको सहकार्यमा एक करोड १५ लाखभन्दा बढी कागजात अध्ययन गरेर सेता कपडामा रहेका काला कर्तुत छर्लंग पारे । टयाक्स हेभेनका व्यवसायमा लगानी गरेको देखाएर बाहिर पुऱ्याउने र देशको कर छल्ने प्रक्रियामा मोसाका फोन्सेकाजस्ता संस्थाले सघाउने रहेछन् ।

पेगासेस इजरायलको एनएसए कम्पनीको एउटा जासुसी एप्स सफ्टवेयर हो । यदि यो एपलाई कुनै पनि स्मार्टफोनमा ह्याकरले घुसाइदियो भने फोनको माइक्रोफोन, क्यामरा, अडियो, टेक्स्ट मेसेज, इमेल र लोकेसनसम्म जानकारी हासिल गर्दै उक्त डिभाइसको सबै डेटा अर्को पक्षकोमा पुग्छ । फोन बन्द गरे पनि माइक्रोफोन र क्यामेरा चलिरहन्छन् । विशेषज्ञहरू भन्छन्, 'सहज तरिकाले ह्वाट्स एप वा मिस कलमार्फत तीव्र तरिकाले लक्षित फोनमा एप्स इन्स्टल हुन्छ र डिलिट गर्दा पनि हटाउन सकिँदैन ।'

खतरनाक हतियारमा सामेल एप्सले आफ्ना विरोधी तह लगाउनु, जासुसी गर्न प्रयोग गरेको कुरा यनएसओका केही प्रमुख ग्राहकमा साउदी अरब, युनाइटेड अरब इमिरेट्स र मेक्सिको थिए । अब नयाँ ग्राहक थपिए । ती देशहरूको प्रजातान्त्रिक सूचकांक पनि यहाँ उल्लेख गरौं । रुवान्डा (१३०), मोरक्को (९६), साउदी अरेबिया (१५६), बहराइन (१५०), युनाइटेड अरब इमिरेट (१४५), अजरबैजान (१४६), काजिकिस्तान (१४६), हंगेरी (५३), पानामा र मेक्सिको (७२) र भारत (५३) स्थानमा छन् । एनएसओले आफ्ना ग्राहक सरकार मात्रै हुन्छन् भन्छ तर भारतले भने किनेको स्वीकार/अस्वीकार दुवै गरेको छैन ।

अपराधको घैंटो कुनै न कुनै दिन त फुट्छ नै । १८ जुलाई २०२० देखि फ्रान्सको फारविडेन स्टोरिज् र एमनेस्टी इन्टरनेसनलले सुरु गरेको पेगासेस प्रोजेक्टमा 'वासिङ्टन पोस्ट', 'द गार्जियन', 'ल मोंद', 'सुडडोइच जाइटुंग'लगायत भारतीय मिडिया 'द वायर 'सहित विश्वका १५ प्रतिष्ठित मिडियाका १३० भन्दा धेरै पत्रकार संलग्न भएर सत्ताले पेगासेस उपयोग कहाँ र कस्तो तरिकाले गर्दै छ भन्ने अनुसन्धान गरिरहेका छन् ।




संसारकै चुनावी परिणामलाई हेरफेर गर्ने इजरायली ठेकेदार ताल हनानको खेल १५ फेब्रुअरीमा ब्रिटिस अखबार गार्डियन, इजरायली अखबार हारेत्ज, फ्रेञ्च अखबार ला मोन्द, जर्मन मैगजिन डेर स्पिगल अमेरिकी अखबार वासिङ्टन पोस्टसमेत ३० मिडिया संस्थाहरूले ताल हनानको रहस्यले चुनाव शक्ति र प्रजातान्त्रिक अभ्यासको पोल खोलिदिए । ३३ देशको जार्जको नाममा केन्द्रीय चुनावको ठेक्का लिएको ताल हनानले दाबी गरेको छ । २७ चुनावको रिजल्ट उसको क्लाइन्टको पक्षमा पारेको थियो ।

भारतीय 'फेकन्युज'विरुद्धको लेखका कारण मारिएकी गौरी लंकेशको प्रेरणाले सक्रिय फारबिडन स्टोरिज नामको संस्थाले उनको काम अगाडि बढाउने निर्णय गरेर फेक न्युजकी फैक्ट्रीलाई नांगेझार पार्दै गएको गैरनाफामुखी संस्था हो । यसले पेगासेसको रहस्य पनि सार्वजनिक गरेको थियो ।

#### शक्ति र मिडिया

जब शक्तिले मिडिया नियन्त्रण गर्न सक्दैनन् तब मिडियाको स्वामित्व नै किनेर स्वतन्त्र मिडियाको घाँटी दबाउँछन् । तर, अपराध कर्म छिपाउन भने सक्दैनन् । वास्तविक मिडियासामु शक्ति बबुरो बन्न पुग्छ । हिन्डनवर्गको एउटै ३२ हजार शब्दको लेखले विश्वको दोस्रो धनाढ्य गौतम अडानीलाई २५ औं नम्बरमा पुऱ्याइदियो । भारतमा भिन्न प्रकारको समाचार र विश्लेषण गर्ने टेलिभिजनलाई व्यवस्थापन गर्न नसकेपछि स्वामित्वकै लिँदा पनि गम्भीर खाले विश्व मिडिया प्रभावित पार्न सकेनन् । पानामा पेपर, फोर्ब्स, ब्लुमार्क, हिन्डनवर्ग रिसर्च, वाशिंगटन टाइम्स र द गार्जियनलाई विज्ञापनले नियन्त्रण र प्रलोभन पार्नै सकेन ।

नयाँ मिडियाको उदयले संसारभरका मानिसहरू र इन्टरनेटबीचको सञ्चार बढाएको छ । यसले मानिसहरूलाई ब्लगहरू, वेबसाइटहरू, भिडियोहरू, तस्बिरहरू र अन्य प्रयोगकर्ता-उत्पन्न मिडियामार्फत व्यक्त गर्न अनुमति दिएको छ । *रासस*

# नमूना सदरमुकामको योजना अलपत्र

**कावासोती–** राज्य पुनःसंरचनापछि साविकको नवलपरासीबाट छुट्टिएर नयाँ जिल्ला बनेको पूर्वी नवलपरासीका अधिकांश सरकारी कार्यालय भाडाको घरबाट सञ्चालन मात्रै भएका छैनन् ती सरकारी कार्यालय राखेबापत मासिक १० लाख रूपैयाँभन्दा धेरै रकम भाडामा खर्चिनु परेको छ । तर, नयाँ जिल्ला बनेसँगै यहाँ बनाउने भनिएको एकीकृत नमूना सदरमुकाम निर्माणको कार्यअर्न्तगत शिलान्यासको तीन वर्ष पुग्न लाग्दा पनि सुरु हुनसकेको छैन ।

२०७६ वैशाख ७ गते नवलपरासीको कावासोतीमा सदरमुकाम शिलान्यास भयो । त्यसका लागि जिल्लाको कावासोती नगरपालिका-३ मा रहेको वनको १८६ बिघा जग्गा नेपाल सरकारको नाममा ल्याएर निर्माण प्रक्रिया अगाडि बढाइए पनि सो स्थानमा छ किलोमिटर मात्र ग्राभेल सडक निर्माण भएको छ ।

घर नजिकै सदरमुकाम निर्माण भएपछि प्रशासनिकलगायतका सरकारी काम छिटोछरितो हुने आशामा बसेका स्थानीय तीन वर्ष पूरा हुँदासमेत निर्माणको काम सुरु नहुँदा निराश छन् । 'शिलान्यास गर्दा निर्माण गरिएको ताम्रपत्र र शिलालेख पनि कहाँ पुग्यो अत्तोपत्तो छैन, हरेक पटक फेरिने मन्त्री र नेताले स्थलगत अवलोकन गर्ने र आश्वासन दिनेबाहेक यो तीन वर्षमा देखिनेगरी केही काम भएको छैन,' स्थानीय ज्यानप्रसाद बरालले भने । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार सदरमुकाम बनाउन २६ अर्बभन्दा बढी खर्च लाग्ने अनुमान छ । एउटा ब्लकमा चार सरकारी कार्यालय राख्नेगरी डिजाइन गरिएको भए पनि पटक-पटक डिपिआर नै फेरबदल हुँदा यसले अन्तिमरूप लिन नसकेको हो । तीन वर्ष हुँदासमेत वातावरण प्रभाव मूल्यांकन सम्पन्न भएको छैन । जसको कारण वन क्षेत्रका रुख काट्न अझै बाटो खुलेको छैन ।

गुरुयोजनाको अन्तिमरूप पास गर्न मन्त्रालयमार्फत विभागमा पेस गरिएको र गुरुयोजना पास भएपछि कामले तीव्रता पाउने सहरी विकास तथा भवन निर्माण कार्यालय चितवनका प्रमुख प्रकाश अर्यालले बताए ।

'यसको डिजाइन बन्ने र उपलब्ध जग्गामा के कस्ता संरचना बन्ने भन्ने काम लगभग सकिएको छ, गुरुयोजनाले अन्तिम रूप नलिएसम्म कामले तीव्रता नपाएको हो । काममा केही ढिलाइ भने पक्कै भएको हो,' अर्यालले भने, 'जंगल क्षेत्र भएकाले रुख काट्नुपर्ने र त्यसका लागि आवश्यक काम गर्नुपर्ने हुन्छ । अहिले हामी यही काम गरिरहेका छौं । यो काम सम्पन्न हुने बित्तिकै कामले तीव्रता लिनेछ ।'

सदरमुकाम निर्माण गर्ने स्थानमा सरकारी कार्यालय जिल्ला प्रशासन, जिल्ला अदालत, जिल्ला सरकारी वकिल, जिल्ला प्रहरी, सशस्त्र प्रहरी, जिल्ला समन्वय समिति, मालपोत, नापी, निर्वाचन, शिक्षा समन्वय एकाइ, ट्राफिक, करदाता, पुनर्निर्माण प्राधिकरण नवलपुर आयोग, जिल्ला कारागार रहने डिभिजन वन, पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, यातायात व्यवस्था सेवा, आयुर्वेद, कृषि ज्ञान केन्द्रलगायतका कार्यालय बन्नेछ । त्यस्तै पाँच हजारसम्म मानिस अट्ने सभाहल, व्यवस्थित पार्क, चमेना गृह, झण्डै १५ बिघामा २५ हजार दर्शक अट्ने आधुनिक फुटबल मैदान, कभर्डहलसहितका संरचना निर्माण गर्ने योजना छ । *रासस*

# फलफूल व्यवसायको आवरणमा हुण्डी

**काठमाडौं (प्रस)–** इजाजतपत्र नलिई वित्तीय कारोबार (हुण्डी)गर्ने कार्यमा संलग्न रहेको अभियोगमा एक जना भारतीय नागरिक पक्राउ परेका छन । प्रहरीले भारत हिमाञ्चल सिमलाथाना घर भई काठमाडौं महानगरपालिका-१४ कुलेश्वर बस्ने विजयकुमार गुप्तालाई सोमबार साँझ पक्राउ गरेको हो ।

